# भोजपुर सेवा समाज बेलायतको बिधान् !!

## Bhojpur Welfare Society U.K. Constitution!!

## संशोधित बिधान २०७१ (2014) २०७८ ( 2021) !

**.प्रस्ताबना :-**

नेपालको जुन सुकै स्थानमा बसो बास गरे पनि पुर्ख्यौली घर भोजपुर भई हाल बेलायतमा आएर आस्थायी वा स्थाई रुपमा बसो बास गर्दै आउनु भएका समपूर्ण भोजपुर जिल्लाबासी बुवा आमा, दिदिबहिनी तथा दाजु भाईहरुलाई यहाँ भई परी आउने बिभिन्न किसिमका समस्याहरुलाई समाधानका प्रयत्न सकेका सहयोग पुर्याउन एउटा सामाजिक संस्थाको अपरिहार्यता भएकोले सन २००८ , बि० स० २०६५ सालमा सामाजिक संस्थाको रुपमा "भोजपुर सेवा समाज बेलायत " स्थापित गरिएको हो /

**परिच्छेद:-१:बिधानको नाम र प्रारम्भ:**

**धार=१:संक्षिप्त नाम र प्रारम्भ:**

**क:**संस्थाको नाम "भोजपुर सेवा समाज बेलायत " हुने छ र अंग्रेजीमा

"Bhojpur Welfare Society United Kingdom" हुने छ /

**ख:**छोट्करीमा नाम नेपालीमा "भोसेसबे"हुने छ अंग्रेजीमा “BWSUK” हुने छ /

**ग:** यस बिधानलाई भोजपुर समाज बेलायतको संशोधित बिधान बि स २०६५, २०७१ र २०७८ भनिने छ /

**घ:** यो बिधान बि स २०६५ पहिलो संशोधन बि स २०७१ र दोस्रो संशोधन २०७८ बार्षिक साधारण सभाबाटा पारित भए पश्चात लागु हुने छ/

**धारा=२ :कार्यलय :-** बेलायतको जुन सुकै स्थानमा संस्थालाई आबश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा लिएर कार्यलय स्थापना गरिने छ /

**धारा३:-** परिभाषा :-

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा ,

क: नेपालको भोजपुर जिल्ला अन्तर्गत बसो बासी समुदाय बेलायतमा आई आस्थाई वा स्थाई रुप्ममा बसो बास गरी आफ्नो परम्परा ,संस्कार र संस्कृतिको पालना गर्दै आई रहेका (भोजपुर बासी) समुदायलाई जनाउद छ /

ख: संस्था भन्नाले भोजपुर सेवा समाज बेलायतलाई बुझाउने छ /

ग: बिधान भन्नाले भोजपुर सेवा समाज बेलायतको बिधानलाई बुझाउने छ यस बिधानलाई भोजपुर सेवा समाज बेलायतको संशोधित बिधान बि स २०६५, २०७१ र २०७८ भनिने छ र अङ्ग्रेजी मा,

"Bhojpur Welfare Society United Kingdom" हुने छ /

घ: कार्य समिति भन्नाले यस बिधान बमोजिम गठित भोजपुर सेवा समाज बेलायतको कार्य समिति लाई बुझाउने छ /

ङ:-सभा भन्नाले यस बिधानको धारा ११ घ बमोजिम आयो जना गरिने सम्मेलनलाई जनाउद छ /च:- निर्बाचन भन्नाले यस बिधान अन्तरगत गठन हुने बिभिन्न कार्य समिती हरुको निर्बाचनलाई जनाउद छ/

छ:-सदस्य भन्नाले यस बिधान अन्तरगत बिभिन्न किसिमका सदस्यता प्राप्त ब्यक्ती हरुलाई जनाउद छ/

ज:-नियम/ बिनियम भन्नाले भोजपुर सेवा समाज बेलायतको बिधान अनुसार गठन भएको कार्य समितिले आबश्यक परेको खण्डमा नियम/ बिनियम बनाई लागु गरिएका लागु गरिने नियम/ बिनियम हरुलाई जनाउद छ

/ झ्:संयोजक भन्नाले यस बिधान अन्तर्गत गठन गरिने सभा, बिभाग तथा अन्य आस्थायी वा स्थायी प्रकृतिका समिति, कार्य दल आदिका प्रमुखहरुलाई समेत जनाउद छ/

ञ: सम्मेलन भन्नाले यस बिधान अन्तर्गत राष्ट्र्य सम्मेलनलाई जनाउद छ /

ट: बिभाग भन्नाले यस बिधान अन्तर्गत गठन गरिने बिभिन्न बिभाग हरुलाई जनाउद छ/

ठ: अधिकार प्रत्यायोजित ब्यक्ती भन्नाले यस बिधान बमोजिम कार्य समिती हरुको कुनै पनि कामकोलागी अधिकार दिई खटाईएका ब्यक्ती वा प्रतिनिधि हरुलाई जनाउद छ/

ड: सभा भन्नाले: भोजपुर सेवा समाज बेलायतको सभालाई जनाउद छ/

ढ: पदेन सदस्य भन्नाले: भोजपुर सेवा समाज बेलायतको बिधान बमोजिम निर्बाचनको निष्चित प्रकृया पुरा गरी निर्बाचित सदस्यहरुबाहेकका समिती वा अन्य सदस्यहरुलाई जनाउद छ/

ण: संस्था भन्नाले ( भोजपुर सेवा समाज बेलायता ) लाई जनाउद छ /

त: परिषद्: भन्नाले भोजपुर सेवा समाज बेलायतको भाषा साहित्यको संरक्षण र संबर्ध्दन्को सन्मन्वयात्मक बिकासको लागी गठन गरिने भाषा साहित्य परिषदको समिति वा बिभागलाई जनाउद छ/

थ: पदाधिकारी भन्नाले: कार्य समितिका अध्यक्ष्, बरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिब, सचिब, सचिब,सह- सचिब, कोषाध्यक्ष, सह- कोषाध्यक्ष्,र अन्य सदस्य हरु लाई जनाउद छ /

<u>धारा:४:-</u>यस संस्थाको चिन्ह, छाप,झण्डा र शपथ ग्रहण :-

संस्थाको छाप र प्रतीक चिन्ह अनुसूची-(१) मा उल्लेख भए बमोजिम हुने छ /

यस संस्थाको चिन्ह, छाप,झण्डा र शपथ ग्रहणहरु कार्य समितिले निर्णय गरितोके बमोजिम हुने छ वा ( भोजपुर सेवा समाज बेलायतले ) राष्ट्रिय अन्तर्राष्ट्रिय समाजदारीमा निर्णय बमोजिम हुने छ /

<u>परिच्छेद- २ :</u>

<u>धारा=</u> ५: <u>उदेश्य:-</u>

क: यो संस्था मुनाफा रहित जनहितकारी सामाजिक संस्था हो /

ख:- नेपाल भोजपुर जिल्लाबाट बेलायतमा आएर आस्थायी वा स्थायी रुपमा बसो बास गरी यस संस्थामा संस्थाको सदस्यता प्राप्त गर्ने परिवारलाई आइपर्ने समस्याहरुको समाधानको लागि सकेको सहयोग गर्ने भई परी आउँदा ( मर्दा -पर्दा) एक परि वारबाट कम्तिमा (£१० )पाउण्ड वा आफ्नो स्वेच्छाले अनिबार्य रुपमा आर्थिक सहयोग गर्दै जाने /

ग:-बेलायतमा रहेका भोजपुर जिल्लाबासीहरुका जनसंख्याको तथ्याङ्का संकलन गरी राखिने छ /

घ:- बेलायतमा स्थापना भएका बिभिन्न सामाजिका संघसंस्थाहरु संग मित्रता,भातृत्वको बिकास र एक्य बद्दता कायम गरी नेपाली हरुको लागी न्यायोचित हक अधिकारको पहल गर्ने /

ङ:-बेलायतबासी भोजपुरे सदस्य हरुबाट भए गरेका असल कार्य हरुका उच्चा मुल्याङ्कन गर्दै सममान गर्दै जाने

च:-बेलायतमा प्रचलित कानून बमोजिम संबन्धित निकायबाट अनुमति प्राप्त गरी आफ्नो उदेश्य हरु कार्यागन्वयन गरिने छ सो अनु मति प्राप्त नभए सम्म यसै बिधानमा ब्यबस्था भए बमोजिम कार्य संचालन गर्दै जाने छ /

छ:-बेलायतको जुन सुकै स्थानमा संस्थालाई आबश्यक पर्ने भवन निर्माण गर्ने वा भाडमा लिएर कार्यलय स्थापना गरिने छ /

ज:-संस्थाको प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सन्चालन गरिने छ /

झ्:- यस संस्थाले आफ्नो नामबाट चल - अचल सम्पति प्राप्त गर्ने , बेच -बिखन गर्न सक्ने /

**ञ: -संस्थाले आफ्नो उदेश्य बमोजिम बिभिन्न किसिमका आयमूलक कार्यक्रम हरु बेलायत बाहिर नेपाल हङ कङ मा स्थापित भोजपुर सेवा समाजहरु संग समान्वय राखी अन्तर्राष्ट्रय सम्पर्कलाई भोजपुर बासीहरुका एकताको केन्द्र बिन्दु मजबुद बनाउदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ संघ / संस्थाहरुसंग सहयोग लिई शिक्षा, स्वास्थ्य, आर्थिक, सामाजिक स्तर उठाउँनको लागि बिबिध कार्यक्रमहरुको आयोजना गर्दै जाने /**

**ट: स्थापित संघ / संस्थाहरुसंग समन्वय राखी अन्तर्राष्ट्रय सम्पर्क समिति निर्माण गर्दै जाने /**

**विभिन्न संघ संस्थाहरुसंग मिलि वा आफैले गोष्ठि, सभा, सम्मेलन र बिबिध बिषयको प्रतियोगिताहरुको आयोजना गर्दै जाने /**

**परिच्छेद:-<u>३ सदस्यता संबन्धी ब्यबस्था:</u>**

**<u>धारा: ६:</u> सदस्यको योग्यता :**

**भोजपुर सेवा समाज बेलायतको बिधान स्वीकार गरी १८ बर्ष उमेर पुगेका सबै बालिक मत प्राप्त नानीहरु र भोजपुर सेवा समाजको सेवा गर्न ईच्छुक नेपाली मूलका नागरिक जो सुकैले पनि सदस्यता प्राप्त गर्न सक्ने छन् / साथै परिवारका श्रीमती समेतले पनि सदस्यता प्राप्त गर्न सक्ने छन् /**

**धारा:-७: सदस्यताको प्रकार:- यस सस्थाबाट देहाय बमोजिमको सदस्यता प्राप्त गरिने छ /**

**क: साधरण सदस्यता /**

**ख: आजीबन सदस्यता /**

**ग: संरक्षक सदस्यता /**

**घ: बिशिष्ट संरक्षक सदस्यता /**

**ङ: मानार्थ सदस्यता /**

**धारा:-८:सदस्यता शूल्क र प्राबधानहरु: सदस्यता शूल्क र प्राबधानहरु देहाय बमोजिमका सदस्यता प्रदान गरिने छ /**

**क: साधरण सदस्यता शुल्क = / £२० .०० पाउण्ड तिरी प्रत्येक = १ बर्षको लागि भोजपुर सेवा समाज बेलायतको "साधरण सदस्यता" प्राप्त गर्न सकिने छ / त्यसपछि पुन: हरेक = १ बर्षमा शुल्क = £२०.०० पाउण्ड तिरी अनिबार्य नबिकरण गर्नु पर्ने छ /**

**ख: आजीबन सदस्यताशुल्क= £१००.०० पाउण्ड तिरी संस्थाको नीति र कार्यक्रम प्रति समर्पित रही भोजपुर सेवा समाज बेलायतको "आजीवन सदस्यता" बन्न सक्ने छन् /**

**ग: संरक्षक सदस्यता शुल्क= £१५०.०० पाउण्ड तिरी यस संस्थाको लागि आर्थिक, सामाजिक, कार्यक्रमहरुमा महत्वपूर्ण योगदान पुर्याऊँनु हुंने विभिन्न ब्यक्तिहरुलाई कार्य समितिको बैठकले निर्णय गरेको व्यक्तिहरुलाई यस संस्थाको “संरक्षक सदस्यता" प्रदान गर्ने छ /**

**घ: बिशिष्ट संरक्षक सदस्यता शुल्क न्युनतम= £२२५.०० पाउण्ड तिरी आफ्नो कार्य व्यबस्थाले संस्थामा आबद्दा हुंन नसकिने, तर यस संस्था प्रति आर्थिक, सामाजिक, तथा शैक्षिक क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याऊँनु हुंने र यस संस्थाको "बिशिष्ट संरक्षक सदस्यता" बन्नलाई रुचि र ईच्छा भएका विभिन्न ब्यक्तिहरुलाई कार्यसमितिको बैठकले निर्णय गरेको ब्यक्तिहरुलाई यस संस्थाको "बिशिष्ट संरक्षक सदस्यता" प्रदान गर्ने छ / ङ: मानार्थ सदस्यता //**

**आफ्नो कार्य व्यबस्थाले संस्थामा आबद्दा हुंन नसकिने, तर यस संस्थाको "मानार्थ सदस्यता" बन्नलाई रुचि र ईच्छा भएका विभिन्न ब्यक्तिहरुलाई यस संस्था प्रति समाजसेवी तथा भाषा,साहित्य, कला, संस्कृति लेखन ,अनुसन्धान र ईतिहांस आदि बिषयमा उल्लेखनीय योगदान पुर्याऊँनु हुंने स्वदेशी तथा बिदेशी नागरिक ब्यक्तिहरुलाई साथै छोरी चेली, फुपु,फुपाजु मामा माईजु,ज्वाई चेला, भान्जा भान्जी अन्य बिशिष्ट ब्यक्ती ब्यक्तित्व हरुलाई कार्य समितिको बैठकले निर्णय गरि यस संस्थाको "मानार्थ सदस्यता" प्रदान गर्ने छ / सदस्यता शुल्क हरु बारे ३ बर्ष का लागि आजैको मितिबाट लागु हुने छ र यो भन्दा न्युनतम या अधिक्तम तय गर्ने बारे हरेक ३ बर्ष मा संस्थाको अधिबेशनले तय गर्ने छ /**

**धारा:-९:सदस्यताको अयोग्यता :- देहाय बमोजिमका ब्यक्तिहरु यस संस्थाको लागि "अयोग्य" ठहरिने छन् /**

**क : मानसिक सन्तुलन ठिक नभएको / {मगज बिग्रेको ब्यक्ति} /**

**ख: यस संस्था संबन्धी र अन्य कुनै पनि समुदायको परम्परा ,संस्कार, र संस्कृतिमा घृणा वा द्वेष फैलाउँने ब्यक्ति /**

**ग: नैतिक पतन देखिने र फौजदारी अभियोगमा सजायँ पाएको ब्यक्ति /**

**घ: १८ बर्ष उमेर नपुगेको ब्यक्ति /**

**द्रष्टब्य:-**

**यस संस्थाको साधारण सदस्यता समेत ग्रहण गर्नु नभएका ब्यक्ति हरुलाई कुनै पनि समयमा कुनै किसिम्का समस्या हरु आई परेमा यस संस्थाले कुनै पनि सहयोग गर्नु कुनै बाध्यता हुने छैन / साथै यस संस्थाबारे बोल्ने कुनै अधिकार हुने छैन /**

**स्मरण रहोस भोजपुर सेवा समाज एक बिशुद्द सामाजिक सेवा भाबले स्थापना भएको एक अभिछिन्न उत्तराधिकारवाला स्वाशासित संस्था हुँने छ र यस संस्थामा कुनै पनि कार्य समिती वा समितिका सदस्य हरुले धार्मिक, राजनैतिक तथा जातियताका प्रश्न, बहस पैरबी घृणा ,द्वेष फैलाउने छैनन /**

**परिच्छेद:- ४: कार्यसमितिको गठन बिधि,बार्षिक साधरण सभा र सम्मेलन परिषद:**

**ब्यबस्था:-**

**धारा:-१०: संयुक्त अधिराज्य बेलायतमा बसो - बास गर्नु हुने सम्पूर्ण भोजपुर निबासीहरु मिलेर एक उच्च नेतृत्त्वदायी संस्था "भोजपुर सेवा समाज बेलायत " को कार्य समिति, सहयोगदाता, बिशिष्ट संरक्षक, संरक्षक, आजीबन सदस्य, साधारण सदस्य, र तत्कालिन कार्य समितिका प्रतिनिधिहरुको सम्मेलनद्वारा निर्बाचित देहाय बमोजिमका बढीमा = १९ जना पदाधिकारी र सदस्यहरु रहने छन् , र कार्य समितिहरु निर्बाचन द्वारा गठन गरिने प्राबधान राखिएको छ/ आबश्यक परेमा अन्य पदाधिकारी र सदस्यहरु थप गर्न सकिने छ /**

**अध्यक्ष = १ जना /**

**बरिष्ठ उपाध्यक्ष=१ जना /**

**उपाध्यक्ष =३ जना /**

**महा -सचिब = १ जना /**

**सचिब = १ जना /**

**सह-सचिब =१ जना /**

**कोषाध्यक्ष = १ जना /**

**सह - कोषाध्यक्ष = २: जना /**

**सदस्यहरु= सदस्यहरु आबश्यक्तानुसार चयन गरिने छ /**

**कार्य समितिको दैनिक कार्य सम्पादनलाई सरल बनाउनका लागी समितिका पदाधिकारीहरु मध्यबाट बढिमा (५) जना सदस्यीय भोजपुर सेवा समाज बेलायत सचिबालय गठन गर्न सकिने छ /**

**क : <u>बिभाग :-</u>कार्य समितिको मात हतमा रहने गरी देहाय बमोजिमको विभागहरु रहने छन् /**

**१: आर्थिक बिभाग /**

**२: प्रचार प्रसार, प्रकाशन तथा बिदेश सम्पर्क बिभाग /**

**३: कानूनी परामर्श तथा अनुशासन बिभाग /**

**४: महिला तथा युबा बिभाग /**

**५: संगठन तथा प्रशिक्षण बिभाग /**

**ख: आर्थिक बिभागमा कोषाध्यक्ष पदेन संयोजक र अन्य बिभागमा कुनै एक कार्य समितिका पदाधिकारी सदस्यको संयोजकत्वमा बढिमा( ५ ) सदस्यीय बिभागको मनोन्वयन द्वारा गठन गरिने छ /**

**धारा:-११:<u>बार्षिक साधारण सभा र परिषद</u> /**

**क : धारा :१० बमोजिम गठन भएको कार्य समितिले प्रत्येक बर्ष एक बार्षिक साधारण सभाको आयोजना गर्ने छ / सभामा आर्थिक र कार्य प्रगति प्रतिबेदन पेश गर्नुका साथै बार्षिक कार्यक्रमको तर्जुमा गर्ने छ /**

**ख: सभामा कार्य समितिले बर्षा भरिमा सम्पन्न गरेको कामको समिक्षा र आय / ब्यायको अनुमोदन गर्ने छ /**

**ग: कार्य समितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरु र सल्लाहकारहरु /<u> साथै </u>साधरण सदस्य, आजीबन सदस्य, संरक्षक सदस्य, बिशिष्ट संरक्षक सदस्य, मानार्थ सदस्य अक्षय कोषदाताहरु / ( संस्थाका सबै किसिमका बिभागीय सदस्यहरु सहभागी हुने छन ,हुन पाऊँने छन) /**

**<u>परिच्छेद:</u> ५: सम्मेलन :- *<u>सम्मेलन प्रतिनिध को ब्यबस्था र मताधिकार:</u>***

**१:-<u>धारा:-१२:</u>सम्मेलन:- सामन्यता भोजपुर सेवा समाज बेलायतको बिधान बमोजिम कार्य समितिले देहाय बमोजिमको प्रत्येक तिन (३) बर्षमा सम्मेलनको आयोजना गर्ने छ /**

**क : कार्य समितिले प्रत्येक तिन {३} बर्षमा सम्मेलनको आयोजना गरी "धरा – (१०) बमोजिमको कार्य समितिको गठन गर्ने छ / तर, प्रथम सम्मेलन भने बेलायतमा बसो-बास गर्ने सम्पुर्ण भोजपुर सेवा समाज बेलायत प्रतिनिधित्व हुँने गरी तदर्थ समितिले आयोजना गर्ने छ / सम्मेलनमा कार्य समितिले आर्थिक र कार्य प्रगति प्रतिबेदन पेश गर्ने छ / प्रस्तुत आर्थिक र कार्य प्रगति प्रतिवेदनका साथै अन्य सम-सामायिक बिषयहरु माथि बिस्तृत छलफल गरी प्रस्ताब पारित गर्ने छ ,र सो को जानकारी सम्पूर्ण सदस्य हरुलाई अनिबार्य गराउनु पर्दछ /**

२: प्रतिनिधिको ब्यबस्था: सम्मेलनमा देहाय बमोजिमका प्रति निधिको ब्यबस्था हुने छ /

क : कार्य समितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरु वा आयोजक समिति सदस्यहरु र साथै बिषयगतका विभागीय सदस्यहरु, साधरण सदस्य, आजीबन सदस्य, संरक्षक सदस्य, बिशिष्ट संरक्षक सदस्य, मानार्थ सदस्य अक्षय कोषदाताहरु लगायत सल्लाहकारहरु सम्मेलनको" प्रतिनिधि बन्ने छन /

द्रष्टब्य:-कार्य समितिमा महिलाहरुलाई ३३% सहभागी गराउँने /

धारा:-१३:कार्य समितिको बैठक:

क : कार्य समितिको बैठक सामन्यतया प्रत्येक =३ महिना नबढाई कन एक पटक र (बर्षमा ४ पटक पूर्ण बैठक) कार्य समितिले तोकेको स्थान र समयमा बस्ने छ,तर आबश्यक परेमा आकश्मिक बैठकहरु पनि कार्य समितिले तोकेको स्थान र समयमा बस्न सक्ने छ आकश्मिक बैठ बस्नु परेमा कार्य समितिका महा सचिब वा सचिब ले ( ४८ घण्ट ) भित्र बैठक को आबहांन गर्नु पर्ने छ /

ख: गणपूरक संख्या संपूर्ण सदस्य संख्याको प्रत्येक पटकलाई= (५१ % )मानिने छ, तर कार्य समितिको हकमा भने सचिबालयले निर्धारण गरेको समयमा बैठक बस्ने छ र कार्य समितिको पूर्ण बैठकको=(३३ %) उपस्थितिलाई गणपूरक संख्या मानिने छ /

/ धारा:-१४:कार्य समिति ,सचिबालय,सभा र बिभागको काम कर्तब्य र अधिकार :

१: कार्य समिति ,सचिबालय,सभा र बिभागको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ /

क: कार्यालय संचालन गर्ने र कर्मचारी नियुक्तिको अनुमोदन गर्ने /

ख: बिधानमा उल्लेख भएका सदस्यताहरु बितरण गर्ने /

ग: बैठक, सम्मेलन र सभाको आयोजना गर्ने /

घ: बैठक, सम्मेलन र सभाले पारित गरेका प्रस्ताब र निर्णयहरु कार्यन्वयन गर्ने /

ङ: बार्षिक कार्यक्रम बनाऊँने, बजेटको तर्जुमा गर्ने र लेखा परीक्षक नियुक्ति गर्ने /

च: कार्यक्रम तय गरी कार्यन्वयन गर्ने, लेखा परीक्षण गराऊँने र चल - अचल सम्पत्तिको संरक्षण गर्ने /

छ: आर्थिक कोष खडा गर्ने र अक्षय कोषहरुको संरक्षणगरी संचालन गर्ने /

ज: मात- हतका सभा, बिभाग र समितिहरुलाई समितिका परिपत्र निर्देशनहरुका पालाना गर्ने गराउने निर्देशन दिने, अनुगमन र निरिक्षणगर्ने /

झ: संस्थाको उदेश्य प्राप्तिकोलागि कार्यरत रहने संरक्षण र बिस्तार गर्ने, गराऊँने र प्रचार - प्रसार गर्ने /

ञ: अन्य समान उदेश्य भएका संघ / संस्थाहरुसंग संबन्ध स्थापित गरी कार्य गर्ने /

ट: कुनै पदाधिकारी र सदस्यहरु नियमित= ३ पटक बैठकमा बिना सूचना अनुपस्थित भएमा पदबाट हटाउने /हट्न सक्ने, राजीनामा स्वीकृत गर्ने र रिक्त {पद} स्थानहरुको पद पूर्ति गर्ने /

ठ: सम्मेलन र सभाको आयोजना गर्ने /

ड: अन्य देश - बिदेशमा संचालित हङ कङ्, नेपाल भोजपुर सेवा समाजहरुसंग संबन्ध र सहयोगको आदन - प्रदान गर्ने /

ढ: अन्य समान उदेश्य भएका संघ / संस्थाहरुसंग संबन्ध स्थापित गरी कार्य गर्ने /

ण: बिधान संशोधन गर्नु परेमा प्रस्ताब तय गरी सम्मेलनमा पेश गर्ने /

त: आबश्यकता अनुसार भातृ संगठनको निर्माण गरी निरिक्षण, अनुगमन तथा निर्देशन दिने संस्थाको बिधान अनुसार कार्य नगरेको खण्डमा निलम्बन गर्न सक्ने छ /

<u>२: सचिबालय:</u> कार्यालय संचालन गर्ने, कार्य प्रगति र आर्थिक प्रतिबेदन तयार गर्ने, बिभाग, सभा, भातृ संस्था र कार्य समितिहरुको प्रगति बिबरण नियमित मगाउने, कार्य समिति मार्फत पारित भएका प्रस्ताब र निर्णयहरु कार्यन्वयन भए - नभएको सो को अनुगमन गर्ने, निर्देशन दिने, कार्य समितिको बैठक नबसेसम्म आबश्यकता अनुसार सम्पूर्ण कार्यहरु गर्ने /

३: बिभा <u>:</u> कार्य समितिले तोकेको कार्य सम्पादन गर्ने र आ - आफ्नो बिभाग अन्तर्गत भएका कार्यहरुको प्रगति बिबरण नियमित रुपमा कार्य समितिमा बुझाउँनु पर्ने /

<u>परिच्छेद-६:पदाधिकारी तथा सदस्यहरुको काम, कर्तब्य र अधिकार:-</u>

<u>धारा:-१</u>५:-कार्य समिति, पदाधिकारी तथा सदस्यहरुको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ /

<u>१: अध्यक्ष :</u>

क बिधानको रक्षा र पालना गर्दै बैठकको अध्यक्षता गर्ने /

ख: कार्य समितिहरुको नियन्त्रण, निरिक्षण र परामर्श गर्ने /

ग: कार्य समितिलाई कृयशील बनाउँदै समान उदेश्य भएका संघ / संस्थाहरुसंग सम्बन्ध स्थापित गर्ने /

घ: बैठकमा पेश गरिने प्रस्ताबहरु तयार गर्न लगाउँने, पारित प्रस्ताबहरु कार्यन्वयन गराउँने, नियमित र आकस्मिक बैठकहरु बोलाउँने वा बोलाउँन लगाउँने /

ङः कार्य समितको बैठकमा बराबर "मत" भएमा निर्णायक "मत" दिने /

च: विभिन्न सम्झौताहरुमा हस्ताक्षर गर्ने /

छ: राजीनामा स्वीकृति गर्ने र आबश्यकता अनुसार अन्य कार्यहरु गर्ने /

२: क: बरिष्ठ उपाध्यक्ष:

क: अध्यक्षको अनुपस्थितिमा अध्यक्षको अभिभारा लिएर काम, कर्तब्य र अधिकार प्रयोग गरी कार्य संचालन गर्ने साथै अन्य तोकिएको कार्यहरु गर्ने /

ख: अध्यक्षलाई सहयोग पुर्याउँने /

३: उपा-ध्यक्ष:-

क: अध्यक्ष रबरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा अध्यक्षको अभिभारा लिएर काम, कर्तब्य र अधिकार प्रयोग गरी कार्य संचालन गर्ने साथै अन्य तोकिएको कार्यहरु गर्ने /

ख: अध्यक्ष र  बरिष्ठ उपाध्यक्ष लाई सहयोग पुर्याउँने/

४:महा- सचिब :-

क: कार्य समितिको कार्यालयको दैनिक प्रशासनिक रेख  देख गर्ने, संस्थाको तर्फबाट पत्र ब्यबहार गर्ने र कार्यलयको कर्मचारीहरुको नियुक्ति गरी मात - हतमा राखी कार्य गर्ने, गराउँने /

ख: बार्षिक कार्यक्रम बनाउँने, नीतिनिर्माण गर्ने र यिनीहरुको कार्यन्वयन गर्ने, गराउँने /

ग: संस्थाको कागजातहरुको जिम्मा लिने, प्रगति प्रतिबेदन पेश गर्ने /

घ: अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउँने /

ङ: बैठकमा पेश हुने प्रस्ताबहरु तयार गर्ने र पारित प्रस्ताब र निर्णयहरु कार्यन्वयन गर्ने /

च: सभा र सम्मेलनमा कार्य समितिको तर्फबाट कार्य प्रगति प्रतिबेदन पेश गर्ने र प्रस्तावको मस्यौदा पेश गर्ने /

छ: अध्यक्षसंग परामर्श लिई अन्य आबश्यक कार्यहरु गर्ने /

**४:क: सचिब /**

**महा सचिबको अनुपस्थितिमा महा सचिबको अभिभारा लिएर काम कर्तब्य र अधिकार प्रयोग गरि कार्य सन्चालन गर्ने सह - सचिब:- महा - सचिब / सचिवलाई सहयोग पुर्याउँने, निजको अनुपस्थितिमा महा - सचिब / सचिवको अभिभारा लिएर सम्पूर्ण अधिकार र जिम्मेवारी लिई कार्य गर्ने, बैठकको निर्णयहरु लिपिबद्द् गर्ने र अन्य तोकिएको कार्यहरु गर्ने / अक्षय कोष ब्यबस्थापन समितिको सचिब भई कार्य सम्पादन गर्ने /**

**<u>स्पष्टिकरण:-</u> कार्य समितिमा महा - सचिब रहने ब्यबस्था भएकोले सह -सचिवको कार्य सचिबले गर्नु पर्ने छ /**

**<u>५:</u> कोषाध्यक्ष: -**

**क: संस्थाको आम्दानी खर्चको हिसाब र <u>अन्य दाताहरुबाट प्राप्त सौजन्य जिन्सी</u> पार्दशिता दुरुस्त राख्ने /**

**ख: संस्थाको चल-अचल सम्पत्तिको श्रेस्ता राख्ने र अन्य दाताहरुबाट प्राप्त (सौजन्य) जिन्सी तिनीहरुको जिम्मा लिने /**

**ग: आर्थिक कोष निर्माण गर्ने र अध्यक्षको निर्देशन अनुसार कार्य गर्ने /**

**घ: लेखा परीक्षण गराउँने र बार्षिक अनुमानित बजेट पेश गर्ने, सभा र सम्मेलनमा कार्य समितिको तर्फबाट आर्थिक प्रतिबेदन पेश गर्ने /**

**ङ: अध्यक्षसंग परामर्श गरी अन्य आबश्यक कार्यहरु गर्ने /**

**च: अक्षय कोष दाताहरु संग परामर्श गर्ने/**

**<u>६: क: सह - कोषाध्यक्ष:-</u> कोषाध्यक्षको अनुपस्थितिमा कोषाध्यक्षको अनुपस्थितिमा कोषाध्यक्षको अभिभारा लिई सम्पूर्ण अधिकार र जिम्मेवारी लिएर कार्य गर्ने, अक्षय कोषहरुको पारदर्शिता हिसाब राखी तत् सम्बन्धी कार्य गर्ने र अन्य कार्यहरु गर्ने /**

**<u>७: सदस्य:-</u>कार्य समितिको बैठकहरुमा उपस्थित भई बुँदागतरुपमा छलफल गर्ने, राय प्रस्तुत गर्ने, आफुलाई दिएको जिम्मेवारीको कार्य सम्पादन गर्ने र संस्थाको उदेश्य प्राप्तिको लागि कृयशील भई काम गर्नु सदस्यहरुको काम, कर्तब्य र अधिकार हुँने छ /**

**<u>परिच्छेद -७</u>: आर्थिक ब्यबस्था:**

**<u>धारा-१६:आर्थिक श्रोत:-संस्थाको आर्थिक श्रोत देहाय बमोजिमको हुँने छन /</u>**

**क: सदस्यता शुल्क /**

**ख: अक्षय कोष दाताहरु, सरकार वा बिदेशी {राष्ट्रिय र अन्तर्राष्ट्रिय} दातृ संस्थाहरुबाट प्राप्त ऋृण तथा अनुदान सहयोग,अन्य दाताहरुबाट प्राप्त (सौजन्य) जिन्सी, अन्य गोष्ठी सभा सन्चालन, बिज्ञापन बाट प्राप्त रकम /**

ग: अन्य संचालित कार्यहरु वा प्रकाशनबाट प्राप्त रकम,/

घ: अक्षय कोष दाता हरु अन्य बिबिधबाट प्राप्त रकमहरु बिशिष्ट संरक्षक , संरक्षक, आजीबन र साधरण सदस्यहरु बाट प्राप्त रकम /

**धारा-१७: संस्थाको चल - अचल सम्पत्ति :-**संस्थाको चल - अचल सम्पत्ति खरिद वा अनुदान सहयोग प्राप्त गर्न सक्ने छ / जसको स्पष्ट जिन्सी खाता बनाई बिबरण राखिने छ /

**धारा-१८: कोष:-** संस्थाको नाममा बैंक तथा वितीय संस्थामा खाता खोली आर्थिक कारोबार गर्ने छ / अध्यक्ष, महा - सचिब र कोषाध्यक्षको संयुक्त हस्ताक्षर मध्ये कुनै= २ जनाबाट संचालन गर्ने, साथै अक्षय कोषहरू स्थापना गरी विभिन्न विधामा छात्रवृत्ति, पुरस्कार, सम्मान, पारिश्रमिक, सहयोग तथा तालिम आदि प्रदान गर्ने छ / कार्य समितिहरुको हकमा अध्यक्ष, सचिब र कोषाध्यक्ष अनिबार्यको संयुक्त हस्ताक्षरबाट खाता संचालन गरिने छ /

द्रष्टब्य: संस्थाको प्रायोजनकालागि अति आबश्यक्ता परेको स्थितिमा संस्थाको बिना स्वीकृती £२५० पाउण्ड सम्म खर्छ गर्न सक्ने छ /

**धारा-१९: लेखा परीक्षण :-**

क: कार्य समितिले बार्षिक रुपमा लेखा परीक्षण गराउँनु पर्ने छ /

ख: कार्य समिति वा सचिबालयले तोकेको ब्यक्तिबाट कार्य समितिको मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउँनु पर्ने छ / यसरी गरिएको लेखा परीक्षणको प्रतिबेदन कार्य समिति समक्ष पेश गर्नु पर्ने छ /

## परिच्छेद– ८: निर्बाचन र बिबिध:-

**धारा -२०: निर्बाचन:-** संस्थाको कार्य समितिहरुको निर्बाचन प्रत्येक = ३ बर्षमा हुने छ र कार्य समितिको सम्मेलनद्वारा एक अध्यक्ष सहित बढीमा = ५ सदस्यीय एक अध्यक्ष मण्डल गठन गरिने छ / उक्त अध्यक्ष मण्डलले आबश्यक ठानेमा विधानको अधीनमा रही एक निर्बाचन आयोग गठन गरी निर्बाचन सम्बन्धि सम्पूर्ण कार्य सम्पन्न गर्ने छ र यसको निर्णय अन्तिम हुँने छ " सम्मेलनमा अक्षय कोष दाता, साधरण सदस्य आजीबन, संरक्षक र बिशिष्ट संरक्षक सदस्यहरुको प्रतिनिधिहरु सम्बन्धित समिति वा सचिबालयले समूहगत निर्बाचन द्वारा चयन गर्ने छ /

क: निर्बाचन आयोगका अध्यक्ष र सदस्यहरुले निर्बाचनमा मतदान गर्न र उम्मेद्वार हुन पाऊँने छैनन /

ख: निर्बाचन आयोगको कार्य सम्पन्न भएपछि स्वत: बिघटन हुँने छ /

ग: सबै तहका निर्बाचन गोप्य मतदानबाट हुँने छ /

**<u>धारा-२१: उम्मेद्वार</u>  योग्य मानिने  छैनन<u>:-</u>**देहायका प्रतिनिधिहरु उम्मेद्वार हुन "योग्य"मानिने  छैनन  /

क: अध्यक्ष मण्डल तथा निर्बाचन आयोगका अध्यक्ष र सदस्य /

ख: धारा- ९ बमोजिमका ब्यक्तिहरु /

ग: संस्थाको सदस्यता नलिएको ब्यक्तिहरु /

**<u>धारा-२२: अबिश्वासको प्रस्ताब:-</u>** संस्थाको जुन सुकै कार्य समितिका पदाधिकारीहरु उपर अबिश्वासको प्रस्ताब ल्याऊँनु परेमा समबन्धित सभा तथा परिषदको कुल सदस्य संख्याको एक तिहाई सदस्यहरुको हस्ताक्षर भएको अबिश्वासको प्रस्ताब कार्य समितिका अध्यक्ष समक्ष्य प्रस्तुत गर्नु पर्ने छ र अध्यक्षले सो प्रस्ताब प्राप्त भएको= ४ महिनाभित्र सम्बन्धित साधरण सभा वा परिषद बोलाई सो प्रस्ताबमाथि छलफल गराउँनु पर्ने छ /

अबिश्वासको प्रस्ताब पारित गर्न सम्बन्धित सभा वा परिषदको उपस्थित सदस्य संख्याको "दुई तिहाई मत" आबश्यक हुँने छ /

अध्यक्षको बिरुद्द अबिश्वासको प्रस्ताब पेश गर्नु परेमा सम्बन्धित समितिका उपाध्यक्ष समक्ष्य पेश गर्नु पर्ने छ, तर त्यस्तो पदाधिकारी र सदस्यहरुलाई सफाईको मौका दिनबाट बन्चित गरिने छैन /

अध्यक्ष को बिरुद्धमा अबिश्वासको प्रस्ताब आएमा  सदस्य संख्याको दुइ तिहाई (२/ ३)बहुमतले मात्र पारित गर्ने छ , अन्य पदाधिकारी हरुका हकमा भने कार्य समितिसदस्य हरुका ( ५१ %) प्रतिशत  बहुमतले पारित हुने छ  /

**<u>धारा- २३: सदस्यता समाप्ति</u>**:-देहायको अबस्थामा पदाधिकारी तथा सदस्यहरुको सदस्यता समाप्त हुँने छ /

क: मृत्यु भएमा /

ख: मानसिक सन्तुलन बिग्रेमा /

ग: साधरण सदस्यता नबिकरण नगरेमा /

घ: राजीनामा स्वीकृत भएमा र

ङ: संस्था बिपरित कार्य गरेको प्रमाणित भएमा वा अबिश्वासको प्रस्ताब पारित भएमा /

च:  निलम्बित वा निश्काशन भएमा /

छ:  संस्थाको  आर्थिक अनियमित्त गरेमा /

ज: संस्थाको गोपनियता भंग गरी संस्थालाई हानी पुर्यायमा  /

झ: सदाको लागी बेलायत छाडी  गएमा  /

**<u>धारा- २४: राजीनामा:-</u>**

**क: सबै तहका पदाधिकारी तथा सदस्यहरुको राजीनामा सम्बन्धित समितिका अध्यक्षले स्वीकृत गरी आगामी बैठकमा अनुमोदन गराउँनु पर्ने छ / तर अध्यक्षको राजीनामाको हकमा सम्बन्धित समितिको बैठकलाई मात्र स्वीकृत गर्ने अधिकार हुँने छ /**

**ख: कार्य समितिका कुनै पनि पदधिकरीले अध्यक्षा समक्षा र अध्यक्षले कार्यसमिती समक्षा आफ्नो पदबाट राजिनाम गर्न सक्ने छ /**

**ग: राजिनाम पत्र माथी छल फल र एक जांच बुझ गरी स्वीकृत गर्ने वा नगर्ने भन्ने बारे कुराको अन्तिम फैसला कार्यसमितिको बैठकले गर्ने छ /**

**घ:राजिनाम दिएको मितिले तिन ( ३) महिना भित्र स्वीकृत भए नभएको जानकारी संबन्धित सदस्यलाई कार्य समितिले दिनु पर्ने हुन्छ /**

**<u>धारा- २५: बिधान संशोधन :</u> बिधान संशोधन गर्न आबश्यक भएमा सो कुरा कार्य समिति मार्फत सम्मेलनमा पेश गरी उपस्थित प्रतिनिधिहरुको "दुई तिहाई बहुमतले" पारित गरेमा आधिकारिक रुपमा संशोधित बिधान लागु हुँने छ /**

**<u>धारा-२६: नियम बनाउने अधिकार:-</u> कार्य समितिले आबश्यक्त अनुसार नियम / बिनियम बनाई लागु गर्न सक्ने छ /**

**धारा-२७: सल्लाहकार:- कार्य समितिले आबश्यक ठाँनेमा भोजपुर <u>सेवा</u> समाज बेलायतको बिकास र उत्थानमा बिशेष योगदान पुर्याउँन सक्ने ब्यक्ति / ब्यक्तित्वहरुलाई यस संस्थाको सल्लाहकारमा सल्लाहाकरको रुपमा चयन गरिने छ / तर कुनै पनि निर्णायक मतमा मतदान गर्न भने पाउने छैनन र सल्लाहकारहरु आउने अधिबेशन सम्मका लागी बहाल रहने छन /**

**सल्लाहकार समिति:-**

**संस्थापक अध्यक्षा :**

**क्याप्टेन श्री सुमन चन्द्र राई / (दोभाने) मोबाईल न:- ०७५७७४७९९९.**

**बरिष्ठ सल्लाहकार:**

**मेजर श्री मान बहादुर राई / मोबाईल न:- ०९८४२०२९२४०.**

**<u>सल्लाहकारहरु :-</u>**

**<u>प्रमुख सल्लाहकार</u> :**

**श्री कृष्ण बहादुर राई / मोबाईल न:- ०७४०३१९८१९७.**

**श्री देबेन्द्र राई / मोबाईल न:- ०७८३८०३९४३०.**

**श्री भानु भक्त राई / मोबाईल न:- ०७७३५४६४१७७.**

**श्री धर्म बहादुर तामाङ / मोबाईल न:- ०७७२३०६३९६१.**

**श्री ढुन्डिराज राई / मोबाईल न:- ०७५८५३७०८५६.**

**श्री नरेश काङ माङ राई / मोबाईल न:- ०७४०३६३११५९.**

**श्रीमती छेत्र कला राई / मोबाईल न:- ०७७८८७६८८४३.**

**श्री प्रेम कुमार थुलुङ राई / मोबाईल न:- ०७८२५०९२३०१.**

**श्री खम्ब सिङ राई / मोबाईल न:- ०७८७८५७१०४९.**

**<u>धारा २८: संस्थाको बिघटन</u>:- संस्थाको बिधान बमोजिम कार्य संचालन गर्न नसकी वा अन्य कुनै कारणबाट "बिघटन" गर्नु परेमा सो कुरा कार्य समिति मार्फत उपस्थित प्रतिनिधिहरुको "दुई तिहाई बहुमतले" पारित गरी संस्थाको "बिघटन" गरिने छ / यसरी संस्थाको "बिघटन" भएमा संस्थाको {चल - अचल} सम्पत्तिको स्वामित्व कुनै अर्को ब्यबस्था नभए सम्मा को लागि कार्य समितिको मात हतमा रहने छ /**

**धारा-२९:संस्थाको हैसियत :-**

**क: यो संस्था एक बिशुद्द सामाजिक सेवा भाबले स्थापना भएको एक अभिछिन्न उत्तराधिकारवाला स्वाशासित संस्था हुँने छ / यो संस्थाले कुनै ब्यक्ति, सरकारी वा गैर- सरकारी संघ / संस्था उपर मुद्दा गर्नु पर्ने भएमा मुद्दा गर्न र प्रतिबाद गर्न सक्ने छ /**

**ख: संस्थाको उदेश्य प्राप्तिकोलागि कार्य गर्दा कुनै पदाधिकारी वा सदस्यहरु उपर मुद्दा- मामिला आई परे सो को प्रति रक्षा संस्थाद्वारा पहल गरिने छ /**

**<u>धारा-३०:</u> निष्कृय :-** यस बिधानमा लेखिएका कुराहरु प्रचलित कानून संग बाझिएको हदसम्म स्वत: "निष्कृय" हुँने छ /

**<u>धारा -३१: पदावधि:-</u>** कार्य समितिहरुको सम्बन्धित सम्मेलनद्वारा निर्बाचित कार्य समितिको "पदावधि = ३ बर्षको" हुँने छ / बिशेष परिस्थिति आई परेमा यसै कार्य समितले बढीमा= १ बर्ष सम्मको लागि "पदावधि" थप गर्न सक्ने छ /

कार्य समितिको हकमा त्यस्तो परिस्थिति आई परेमा सोही समितिले बढीमा=१ बर्ष सम्मको लागि कार्य गर्न सक्ने छ, तर त्यस्तो निर्णयलाई कार्य समितिले आगामी कार्य समितिबाट अनुमोदन गराउँनु पर्ने छ /

**धारा-३२: ब्याख्या:-** यस बिधान र नियमावलीहरुको अन्तिम ब्याख्याकार कार्य समिति हुँने छ / सो उपर चित्त नबुझेमा आगामी कार्य समिति सभामा पुनराबेदन गर्न सक्ने छ /

**<u>धारा -३३: कर्मचारीको नियुक्ति:-</u>**यस संस्थाले कर्मचारीको नियुक्ति कार्य समितिले तोके अनुसार अध्यक्षले गर्ने छ /

**<u>धारा-३४ खारेजी र बचाऊ:-</u>**यो संशोधित बिधान लागु हुनु भन्दा अगाडि संस्थाको बिधान अनुसार गरिएका काम कारबाही यसै बिधान अनुसार गरिएको मानिने छ /

**<u>धारा:३५</u> बिशेषाधिकार्:** कुनै पनि अवस्थामा समयमा कारण बश संस्था अबरुद्द भए गरेमा बिशिष्ट संरक्षक सदस्य हरुले सम्पूर्ण सदस्य हरुको भेलाको आयोजना गरी संस्थाका कार्य <u>समितिहरु</u>का छल फल राखी संस्थाको बचाउ गर्ने छ, यदी छल फलबाट बचाउ गर्न नसकेको खण्डमा , सम्पूर्ण सदस्य हरुको भेलाको आयोजना गरी संस्थाका कार्य समितीहरुलाई भंग गरी निष्कृय बनाई यस संस्थाको बिशिष्ठ संरक्षक सदस्यले कार्यकारी प्रमूखको भूमिका निर्बाहा गरी यस संस्थाको बचाउ गर्ने छ, र संस्थाका कार्य समितीहरुलाई भंग गरी निष्कृय भएको मितिले ६ महिना भित्र पून संस्थाको सम्पूर्ण सदस्य हरुको भेलाको सम्मेलन आयो जना गरी संस्थाको नयां कार्य<u>समिति</u> चयन गरेर संस्थको बचाउ गरिने /

## !!भोजपुर सेवा समाज बेलायतको सदस्यताको शपथ ग्रहण बारे!!

*म श्रीमान/ श्रीमति /शुश्री नाम:-------------- भोजपुरको देबी सिद्द्कालीलाई सांक्षी राखी "शपथ" लिन्छु कि भोजपुर सेवा समाज* बेलायत*को कार्य समिती सदस्यको पद:-----------*पदमा *निर्बाचित भई पदको हैसियतले मलाई दिएको र तोकिएको जिम्मेवारी मेरो तन्, मन्, कर्म, बचन र बिबेकले जाने बुझे सम्म संस्था र संस्थाका अन्य सदस्यहरु प्रति बफादार रहि कुनै लोभ र लालच नगरि संस्थाको गोपनियतालाई कायम राख्दै भोजपुर सेवा समाज* बेलायत*को संम्शोधित बिधान २०६५,( 2008 ),२०७१,(2014) र २०७८ (2021) को अधिनमा रहि आफ्नो काम र कर्तब्य पालना गर्दै कार्य गर्ने छु /*

*सदस्यको नाम ;---------------------------------* *नाम:-------------------*

*पद्: -------------------------* निर्बाचन मण्डल अध्याक्ष /

*हस्त्यक्षर :-----------------* हस्ताक्षर:-----------------

*मिति/ २०७८ / / / (2021) /* *मिति/ २०७८ / / / (2021) /*

## संशोधित बिधान मस्यौदा समिति :-

१: संयोजक:

श्री प्रेम कुमार थुलुङ् राई /

हस्ताक्षर ,,,,,,,,,,,,,,,,,,,,,,,,

<u>सदस्य समितिहरु :-</u>

<u>सचिबा :</u>

श्री रुद्र श्रेष्ठ /

हस्ताक्षर ,,,,,,,,,,,,,,,,,,,,,,,,

श्री मान कुमार बिश्वकर्मा कामी /

हस्ताक्षर ,,,,,,,,,,,,,,,,,,,,,,,,

मिति: सन - २०2१ / बि० स० - २०६८

जय! "भोजपुर सेवा समाज बेलायत“

संयुक्त अधिराज्य बेलायत /

***************************************************

!!!यस बिधानमा जम्मा १ अनु सूचि ८ परिच्छेद र ३६ धारा १५ पृष्ठमा समेटिएका छन !!!

**** ***********************************************

# भोजपुर सेवा समाज बेलायतको

# बिधान/

## Bhojpur Welfare Society UK.

## Constitution.

## Amendment 2008, 2014 and 2021.

**संशोधित बि०स० २०६५ (2008) २०७१ (2014), २०७८ (2021).**